म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ४८ आइतबार ३० भदौ २०८१ ने. सं. ११४४ ञलाथ्व 15 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

PEAK GRAND OPENING ERKE
असोज १ गतेबाट हजुरहरुमाझ
Peak & Erke authorised showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

'एक आमा, एक अभिभावक' अभियान संचालन गरिने

# मनहरीमा ८ करोड खर्चिएर 'आमाघर' तयार

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ असहाय ज्येष्ठनागरिकको सेवागर्ने उद्देश्यले मकवानपुरको मनहरी गाउँपालिका-८ मा निर्मित आमाघर आश्रमको भौतिक निर्माणको कामले पूर्णता पाएको छ ।

विभिन्न तहका सरकार, दातृनिकायको सहयोगमा करिब ८ करोड खर्चिएर आश्रमको भवन निर्माण भएसँगै अब आश्रमले पूर्णक्षमतामा असहायको सेवागर्न सक्षम बनेको हो । ब्रम्हकुमारी राजयोग उपसेवाकेन्द्र मनहरीको व्यवस्थापनमा सञ्चालित आमाघरमा एकसय जनासम्म असहाय नागरिकलाई नि:शुल्क सेवादिन सक्षम बनेको शनिबार पत्रकारसँगको भेटमा आश्रमका अध्यक्ष रामचन्द्र उप्रेतीले बताएका छन् । २०७४ सालदेखि निर्माण सुरु भएको आश्रममा ३० वटा सुविधासम्पन कोठाहरु निर्माण गरिएको छ भने साढे तीनसय जना अट्ने सभाहल, म्युजियम, ध्यानकक्ष, पुस्तकालय, बाबाकक्ष स्थापना गरिएको छ ।




आश्रमको भवन ३ कठ्ठा जग्गामा फैलिएको छ भने आश्रमसँगै १२ बिगाहा जग्गामा पिसपार्क निर्माण भएको छ । पार्कको डिपिआरअनुसारका अन्य संरचना तयार गर्ने काम भइरहेको छ । आध्यात्मिक चिन्तनमार्फत् मानिसलाई खुशी र सुखी बनाउन आमाघर तल्लीन रहेको आश्रमका अध्यक्ष उप्रेतीले बताए । कोही ज्येष्ठनागरिक सहाराबिहीन भएको पाइएमा आफूहरु उहाँहरुलाई सेवा गर्न तयार रहेको उप्रेतीले बताए । असहायलाई रेखदेख र लालनपालनका अतिरिक्त आमाबुबाको महत्वबारे बालबालिकामा बुझाउने कार्यक्रमहरु आगामी दिनमा राखिने उनको योजना छ ।

आश्रममा हाल ९ जना आमा, ७ जना बुबा र ४ जना भाइले सेवा लिइरहेको ब्रम्हकुमारी राजयोग सेवाकेन्द्रका उपाध्यक्ष विजयराज सिग्देलले जानकारी दिएका छन् । पत्रकारसँगको अन्तरक्रियामा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले आमाघर आश्रममा पालिकाका साथै संघ र प्रदेश सरकारलेसमेत लगानी गरिरहेको र आगामी दिनमा पिसपार्कको संरचना थप गर्न स्थानीय सरकारले काम गर्ने बताए । आमाघर आश्रम र पिसपार्कले मनहरीको पहिचान सशक्त बनाउन सहयोग पुगेको भन्दै उनले खुशी व्यक्त गरे । अग्रज पत्रकार बीरगंजका जगदीश शर्मा, हेटौंडाका नवराज शर्मा र भरतपुरका ईश्वर जोशीलाई आश्रमले सम्मान गरेको थियो ।

नेपालका इन्जिनियरिङ टिमले सहयोग नगरेपछि भारतीय ईन्जिनियरबाट यसको डिजाइन गरेको अध्यक्ष उप्रेतीले बताएका छन् । भवन निर्माण सम्पन्न भएपछि आश्रममा आवासीयरुपमा आमाहरुलाई सेवाप्रदान गर्ने कार्यको थालनी भइसकेको छ । आश्रममा आवासीय सेवा लिइरहेका सबै नि:शुल्क बसिरहेका छन् । शुल्क तिरेर बस्न चाहनेलाई पनि आश्रमले आश्रयको ब्यवस्थापन गर्ने तयारी गरिएको उपाध्यक्ष सिग्देलले जानकारी दिए । 'हामी शुल्क लिदैनौं भन्दैनौं, दिन सक्नेको लिन्छौं, नसक्नेलाई हामी राख्छौं, आमाहरुको सेवा गर्न नै हामी आश्रम संचालनमा ल्याएका हौं'-सिग्देलले बताएका छन् ।

२५ वटा कोठा रहेको भवनमा एउटा कोठामा ३ वटा बेड राखिएको छ । भवन निर्माणका लागि स्वेच्छिक चन्दा संकलन गरिएको थियो । आश्रम संचालनका ४ सय भन्दा बढीको आजीवन सदस्य बनाइएको छ । भवनसँगैको एक कठ्ठा जमिन केन्द्रले खरिद गरेको छ । केन्द्रले सिमपानी देवकोटा सामुदायिक वनसँगको सहकार्यमा १२ बिघा क्षेत्रफलमा पार्क निर्माण गरेको हो । यहाँ एउटा पोखरी निर्माण गरिएको छ । छिट्टै ढुंगा चलाउने तयारी भइरहेको बताइएको छ । यस पार्कको सम्पूर्ण निर्माणको काम अन्तिम चरणमा छ ।

यो एउटा परोपकारी संस्था भएकाले यसका क्रियाकलाप मूलत: व्यक्ति वा समूहबाट हुने दानबाट नै संचालन हुन्छ । देशविदेशमा रहेका परोपकारी, सहयोगी हातबाट बिनासर्त प्राप्त हुने नगद वा जिन्सी स्वीकार गर्ने संस्थाको नीति रहेको छ । यो अभियानमा सदिच्छा राख्ने शुभचिन्तकहरुको स्वइच्छाको सेवा र योगदानबाट आश्रमको बिबिध क्रियाकलाप संचालन हुने केन्द्रले जनाएको छ । तिनै तहका सरकारबाट प्राप्त हुने अनुदान रकम र अन्य सहयोग पनि स्वीकार गरेर आश्रम संचालन गरिने बताइएको छ ।

पितृहरुको वार्षिक पुण्यतिथि, संस्थाको वार्षिकोत्सव, पदोन्नती, पर्व, जन्मदिन वा मातृत्वप्रेमले गराउने भोजनसेवा, खाजासेवाका लागि सप्रेम प्राप्त हुने नगद वा जिन्सी सहयोगबाट पनि यो आश्रम संचालन हुनेछ । यो अभियान सफल बनाउन भोजनसेवा, नगद र जिन्सी सहयोग उपलब्ध गराउन सकिन्छ । 'एक आमा, एक अभिभावक' अभियानअन्तरगत एक आमाको मासिकरुपमा लाग्ने सेवाखर्च योगदान गरी सम्मानित अभिभावक बन्न सकिने प्रावधान राखिएको छ ।

मासिक भान्छा सहयोगी सदस्यता ग्रहणगरी आफ्नो इच्छा कटौती गरी मासिकरुपमा इच्छा अनुसारको नगद वा जिन्सी सामग्री सहयोग गर्न सकिने बताइएको छ । माता-पिताको स्मृतिमा अक्षयकोष श्रीवृद्धिका लागि स्वइच्छाले रकम जम्मा गर्न सकिने बताइएको छ ।

## बाम्हण समाज बाराको कलैया नगरअधिवेशन

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ ब्राम्हण समाज नेपाल बाराको कलैया नगरअधिवेशन सम्पन्न भएको छ । शनिबार सम्पन्न नगर अधिवेशनले राजेश तिवारीको अध्यक्षतामा ७सदस्यीय समिति सर्वसहमतिले चयन गरेको हो ।

समितिको उपाध्यक्षमा अमोद पाण्डेय, सचिवमा मुनचुन तिवारी, सहसचिवमा बृजमोहन पाण्डेय, कोषाध्यक्षमा प्रमोद पाण्डेय, सदस्यहरुमा क्रमश: बेदप्रकाश मिश्र र कमल पाण्डे चयन भएको जिल्ला कार्यवाहक अध्यक्ष मुक्तिनाथ तिवारीले बताए । समाजका केन्द्रीय उपाध्यक्ष देवनाथ उपाध्यायको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा केन्द्रीय सचिव प्रेमलाल पाण्डेय, केन्द्रीय सदस्य कार्तिकदेव पाण्डेय, नेकपा एमालेका जिल्ला अध्यक्ष अद्यानन्द पाण्डेय, कलैया उमनपा-२७ का वडाध्यक्ष अशोक तिवारी, रामाकान्त तिवारी, अजयकुमार तिवारी, बिनोद मिश्रा, जगरनाथ पाण्डे, रमेश तिवारी र बेदप्रकाश दुबेलगायतले अधिवेशनको सफलताको कामना गरेका थिए ।

कार्यक्रमम केन्द्रीय सदस्य मनमोहन पाण्डेय, चन्द्रकिशोर पाण्डेय, जिल्ला अधिवेशन तयारी समिति संयोजक अखिलेश तिवारी, गढीमाईको नगरअध्यक्ष रामायण तिवारी, कृष्णहरि नेपाल, हरेकृष्णा तिवारी, धमेन्द्र तिवारी, सुरेन्द्र पाण्डेय, केदार तिवारीलगायत ६५ जना बढीको सहभागिता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्धारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# बालअधिकार कानूनको पूर्णकार्यान्वयनमा प्रदेशप्रमुखको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले २९ भदौ शनिबार मनाइदै गरिएको राष्ट्रिय बालदिवस २०८१ का अवसरमा शुभकामना दिँदै बालअधिकारका कानूनको पूर्णकार्यान्वयनमा जोड दिन आग्रह गरेका छन् ।



प्रमुख देकोटाले शुभकामना सन्देश जारी गर्दै नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरी आवश्यक नीति, कानून र संस्थागत संरचना निर्माण गरेको भएपनि अझै पनि बालबालिकाको सवालमा धेरै काम गर्न बाँकी रहेको उल्लेख गरेका छन् । उनले बालअधिकारका सम्बन्धमा व्यवस्था गरिएका संवैधानिक एवं कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन गर्न तीनै तहका सरकार, गैरसरकारी संघसंस्था, नागरिक समाज, अभिभावक, विद्यालयलगायत अन्य सरोकारवाला निकायको एकीकृत र समन्वयात्मक भूमिका अपरिहार्य रहेको सन्देश मार्फत बताएका छन् ।

राज्यबाट संवैधानिक, नीतिगत, कानुनी र संस्थागत प्रयास हुँदाहुँदै कतिपय बालबालिका अझै पनि बाँच्न पाउने अधिकार, संरक्षण पाउने अधिकार, विकास र सहभागिताको आधारभूत अधिकारबाट बञ्चित रहेको उनको शुभकामना सन्देशमा उल्लेख छ । 'बालअधिकारको सम्बन्धमा विद्यमान संवैधानिक र कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन सबैको दायित्व हो' देवकोटाले सन्देशमा भनेका छन् । 'बालअधिकार सुनिश्चित गर्न आवश्यक पहल गर्न म सम्बद्ध पक्षलाई हार्दिक अनुरोध गर्दछु,' उनले भने ।

प्रदेशप्रमुख देवकोटाले बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, बालअधिकारकर्मी, सामाजिक संघसंस्था, नागरिक समाज, निजीक्षेत्रले निर्वाह गर्दै आएको भूमिकाप्रति पनि हार्दिक धन्यवाद दिए । बालबालिका आजका साझेदार र भविष्यका कर्णधार भएको उल्लेख गर्दै उनीहरुको उचित पालनपोषण, शिक्षा, समग्र व्यक्तित्व विकासका लागि आवश्यक अवसर र सुविधाको व्यवस्था गर्न उनले सबैलाई राष्ट्रिय बालदिवसले थप प्रेरणा प्रदान गर्नेछ भन्नेमा विश्वास व्यक्त गरेका छन् ।

प्रमुख देकोटाले शुभकामना सन्देश जारी गर्दै नेपालले बालअधिकारसम्बन्धी महासन्धी १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेर बालबालिकाको विकास, बालअधिकारको संरक्षण र बालसहभागिता लगायत विषयमा अन्तर्राष्ट्रिय प्रतिबद्धता गरेको दिनका अवसरमा हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बालदिवस मनाउँदै आइरहेको उल्लेख गरेका छन् ।

संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९ लाई नेपालले अनुमोदन गरेको दिन (१४ सेप्टेम्बर १९९०) को स्मरण गर्दै बालअधिकारको क्षेत्रमा नेपालले जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धता समेतलाई पूरा गर्न हामीले हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बालदिवस मनाइँदै आइएको छ । यसवर्ष पनि 'बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी' भन्ने नाराका साथ ६० औं राष्ट्रिय बालदिवस विभिन्न रचनात्मक कार्यक्रमको आयोजना गरी मनाइँदैछ ।

# एकता टोलविकास संस्थामा नयाँ नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौडा उपमहानगरपालिका- स्थित एकता टोल विकास संस्था चौबीसौं साधारण सभा तथा अधिवेशनबाट ११ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ ।

यशोदा लामिछानेको अध्यक्षतामा गठित समितिमा उपाध्यक्ष, सचिव, सहसचिव तथा कोषाध्यक्षमा क्रमश: गीता पाण्डे घिमिरे, इन्दिरा ढोडरी, लक्ष्मी दाहाल, प्रतिज्ञा अर्याल तथा सदस्यहरुमा कल्याणी बस्नेत, सीता प्याकुरेल, तोत्रा बस्नेत, निर्मला पाण्डे, लक्ष्मी देवकोटा र शान्ति अर्याल चयन भएका छन् ।

वडाध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका सामाजिक महाशाखाकी अधिकृत गोपिनी गौतम, टोल विकास संस्था नगरसमन्वय समितिका महासचिव देव श्रेष्ठ तथा सोही समितिकी सदस्य माया पौडेलले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

मकवानपुर बहुमुखी क्याम्पसमा भएको कार्यक्रमको सञ्चालन सचिव कल्याणी बस्नेतले, स्वागत यशोदा लामिछानेले गरेको कार्यक्रमको सभाध्यक्षता अध्यक्ष अञ्जु अधिकारीले गरेकी थिइन् ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

साझाकुरा

## हाम्रो कुरा

# बिना तयारीको विशेष नगरसभा

कर समायोजनको लागि माग गरिएको विशेष नगरसभा शुक्रबार दिउँस करिब आधाघण्टा बसेर स्थगित भएको छ । नगरसभाको मिति तोक्ने विषयमा नै सहमति हुन नसकेको अवस्थामा बोलाइएको नगरसभाले कुनै निर्णय गर्ने सम्भावना पनि थिएन । कर घटाउने वा नघटाउने भनेर पर्याप्त छलफल नगरी विशेष नगर सभा बोलाइएपछि व्यवसायीको माग पूर्णरुपमा सम्बोधन हुने सम्भावना न्यून थियो । विशेष नगरसभा माग गर्ने बहुमत सदस्यकोतर्फबाट एकजना र उपमहानगरको तर्फबाट एकजना नगरसभा सदस्यले धारणा राखेपछि नगरप्रमुख मीनाकुमारी लामाले सभा स्थगित गरेकी थिइन् । कर समायोजन गर्ने प्रस्ताव विशेष नगरसभामा जानुपूर्व विभिन्न विषयगत समितिहरुमा छलफल भएर राजश्व परामर्श समिति हुँदै जानुपर्ने थियो । तर, चौतर्फी अन्यौलताबीचमै नगरसभा बोलाइएको हो । सभाको अध्यक्षता गरेकी लामाले नगरसभाको पुन: अर्को बैठक १५ असोजका लागि तय गर्दै सभा स्थगित गरेकी हुन् । नगरप्रमुख लामाले सभा सुरु भएपछि नगरसभा बोलाउनुपर्ने औचित्य पुष्टि गर्नका लागि नगरसभा माग गर्ने सदस्यको तर्फबाट ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देल र उपमहानगरकातर्फबाट धारणा राख्न प्रवक्ता सविन न्यौपानेलाई समय दिएकी थिइन् । नगरसभामा कडा सुरक्षा व्यवस्था अपनाइएको थियो ।

उपमहानगरको कार्यालय भवन पछाडि निर्माण भइरहेको सभाहलमा नगर सभा राखिएको थियो । कार्यालयको गेटमा नगरप्रहरीले कडा सुरक्षा दिएका थिए । मिडियाकर्मीलाई प्रवेशमा रोक लगाइएको थियो । सभामा विशेष नगरसभा बोलाउनुपर्ने औचित्यबारे र चालू आर्थिक वर्ष २०८१/८२ का लागि वृद्धि गरिएको कर समायोजनका सम्बन्धमा कानुनी जटिलताका विषयमा करिब आधा घण्टा छोटो धारणा प्रस्तुत भएको थियो । दुई सदस्यले बोलेलगत्तै नगरप्रमुख लामाले ५२ औं कार्यपालिका बैठकबाट उपप्रमुखको संयोजकत्वमा कार्यदल बनेका यो कार्यदलले आवश्यक तयारी गर्न नभ्याएकोले कानुनत: सबै तयारी गरी छलफल गर्नेगरी आगामी १५ असोजमा बैठक बोलाउने गरी बैठक स्थगित गरेको नगरसभाका एक सदस्यले जानकारी दिए । यसले के पुष्टि गर्छ भन्दा हाम्रा नगरप्रतिनिधि कति संबेदनशील छन् त ? उपमहानगर पालिकाको केहीदिन अघि बसेको नगरकार्यपालिका बैठकले राजश्व परामर्श समितिका संयोजकसमेत रहेका उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा वडाअध्यक्ष सविन न्यौपाने, नवीन सिग्देल, विष्णुगोपाल महर्जन र फुर्वादोर्जे लामा सदस्य रहने गरी पाँच सदस्यीय कार्यदल गठन गरेको थियो । उपमहाननगर प्रवक्ता न्यौपानेले जारी भइसकेको आर्थिक ऐन संशोधनको विषय जटिल रहेको तर, कानुनत: अध्ययन गरी सम्भव भएसम्म बढेको करलाई घटाउन अप्ठेरो कसैले मान्नु नपर्ने बताएका थिए । उनले बजेट निर्माणको सुरुको बिन्दु उपप्रमुख र प्रमाणिकरणको अन्तिम बिन्दु नगर प्रमुखसहित सबै नगरसभा सदस्यको एकमतले कानुनत: समस्याको समाधान निकाल्नु पर्ने आवश्यकता रहेको औंल्याएका थिए । बहुमत सदस्यद्वारा विशेष नगरसभा माग गरिरहँदा अन्य सदस्यलाई बाहिर राखेर समस्याको समाधान खोज्नु ठीक थिएन । नगरसभामा सबै पक्षका आवाज एकमत हुने अवस्था आएको बताइएको छ ।

आर्थिक ऐन २०८१ जारी भएपछि व्यवसायीले चरणबद्ध आन्दोलन गर्दै कर घटाउनुपर्ने माग गरेकाले नगरसभाबाट बनेको आर्थिक ऐन नगरसभाबाटै संशोधन गरी व्यवसायीको माग सम्बोधन गर्नुपर्ने आवश्यकता थियो । चालु आव २०८१/८२ को लागि जारी आर्थिक ऐनमार्फत् तय गरिएको करको दरमा व्यवसायीले बिरोध जनाएपछि नेकपा एमालेसमर्थित हेटौंडा उपमहानगरका बहुमत नगरसभा सदस्यले ३० साउनमा नगरसभामार्फत् करको दर घटाउने उद्घोषसहित विशेष नगर सभा बोलाउन नगप्रमुखसमक्ष माग गरेका थिए । बहुमत सदस्यले विशेष नगरसभा माग गरेको ३० दिनभित्र बोलाउनुपर्ने कानुनी बाध्यताबाट मात्रै विशेष नगरसभा आव्हान भएको थियो । ७ असार २०८१ मा सम्पन्न १५ औं नगरसभाबाट वृद्धि गरिएको राजश्व समायोजन गर्न मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघलगायतका वस्तुगत संघहरु, जिल्ला सहकारी संघसमेत सबै व्यावसायिक संस्था साउनको अन्तिममा आन्दोलित बनेका थिए । आन्दोलनका कारण ३२ साउनमा उपमहानगर पालिका कार्यालयमा व्यवसायीका माग सम्बोधन गर्ने प्रतिबद्धतासहित ८ बुँदामा उपमहानगरले लिखित सहमति गरेको थियो ।

# धार्मिक महत्वको बहुमूल्य श्रीखण्डको व्यावसायिक उत्पादन



✍ डा. मित्र पाठक

पचास एकाउन्न वर्ष पहिला भारतबाट ल्याइएका दुईवटा श्रीखण्डका रूखबाट उत्पादित बीउबाट अहिले प्युठानको दाखाक्वाटीको एउटा सामुदायिक वनले श्रीखण्डको सरंक्षण समिति नै बनाएर वर्षेनि लाखौंको काठ बेचिरहेको छ । यति मात्र हैन जिल्लाका अन्य ठाउँमा पनि श्रीखण्डको एउटै रूखबाट तीन लाखसम्मको चुरो काठ बेचिराखेका छन् । नेपालका कञ्चनपुर लगायत अन्य ठाउँमा पनि खेती गर्ने क्रम बढेको छ । आजको लेखमा त्यही मूल्यवान् काठ दिने बहुमूल्य रूख श्रीखण्डको बारेमा चर्चा गर्नेछौं ।

वैज्ञानिक भाषामा सान्टालम एल्बम भनिने सान्टालेसी वानस्पतिक परिवारको एक सदस्य तथा हाम्रा घर एवं मन्दिरमा घोटेर लेपको टीका लगाइने सामान्य चन्दनलाई नै हामी सेतो चन्दन वा श्रीखण्ड भन्दछौं । यो एक मझौला किसिमको रूख हुने अर्ध परजीवी बिरुवा हो । एक्लै हुर्काउँदा यो निकै ढिलो बढ्छ । अङ्ग्रेजीमा यसलाई 'स्याण्डल उड' भनिन्छ । अर्को चर्चामा रहेको रक्तचन्दनलाई पनि अङ्ग्रेजीमा अगाडि 'रेड' थपेर 'रेड स्याण्डल उड' भनिन्छ, जसको बारेमा मेरा अघिल्ला लेखहरूमा चर्चा गरिसकिएको छ । नेपालमा चन्दनको खेती गरेको पाइए पनि श्रीखण्ड चन्दन वा रक्तचन्दन हाम्रा रैथाने बिरुवा भने हैनन् ।

**धार्मिक महत्व**

धार्मिक हिसाबले पूजाआजामा श्रीखण्डको प्रयोग गरिन्छ । यसको सुगन्धित तेलको रासायनिक नाम 'स्यान्टालोल' छ । पुरानो ग्रन्थमा श्रीखण्डलाई 'स्यान्टल उड' नै भनिएको छ । तर कालान्तरमा अङ्ग्रेजी अपभ्रंशले 'स्याण्डल' बनाएर हेय भावार्थ दिएको देखिन्छ । श्रीखण्ड हिन्दु धर्मका पवित्र ग्रन्थहरूमा उच्च महत्त्वका साथ व्याख्या गरिएको छ । पूजाआजा, जपध्यान, मर्दापर्दा सबै कार्यमा धर्मसंस्कृति अनुसार अति आवश्यक वस्तुको रूपमा व्याख्या गरिएको छ ।

हिन्दु धर्म अनुसार भन्ने हो भने धर्मशास्त्रले तीनवटा चन्दनको नाम लिएको छह श्वेतचन्दन, पहेंलो चन्दन, रक्तचन्दन । यी तीनमध्ये सबभन्दा उत्तम श्वेतचन्दन अर्थात् श्रीखण्डलाई मानेको छ । साथै हिन्दु धर्मसंस्कृति अनुसार हरेक कार्यमा अत्यन्त पवित्र वस्तुको रूपमा यसको प्रयोग गरिन्छ । श्रीखण्डलाई घोटेर बनाएको चन्दन लगाउने परम्परा करिब पाँच हजार वर्ष पुरानो हो । अहिले आएर हेर्दा पनि श्रीखण्डको चन्दन प्रयोगमा कुनै कमि आएको छैन बरु श्रीखण्डको पर्याप्तता नभएको ठाउँमा चन्दनको साटो विभिन्न अन्य काठको प्रयोग गरेकोले धर्म अनुसार पवित्र र चोखो वस्तुको रूपमा व्याख्या गरिएको पाइन्छ ।

श्रीखण्डको चन्दन लगाउने र सके श्रीखण्ड काठको चितामा जल्ने नसके एउटा टुक्रा श्रीखण्ड भए पनि चितामा राखेर पार्थिक शरीर जलाउने मान्यता आजभन्दा कैयौं वर्ष अगाडिदेखि चलिआएको हो । साथै प्राचीन हिन्दु ग्रन्थहरूमा पनि यसबारे लेखिएको छ । यी सबैको अध्ययन गर्दा श्रीखण्ड त्यो युगदेखि नै महत्त्वपूर्ण वृक्षको रूपमा मानिएको कुरा प्रस्ट हुन्छ । निधारको बीचमा लगाइने यसको लेपले तेस्रो नेत्र शान्त र शीतल बनाउँछ र मानसिक शान्ति प्रदान गर्दछ भन्ने मान्यता छ ।

**प्रयोग तथा बजारमूल्य**

श्रीखण्डको विश्व बजारलाई हेर्ने हो भने यसको अन्तर्राष्टिय स्तरमा माग बढी रहेको छ । यो औषधीय गुणको भएको हुँदा विभिन्न औषधि तथा कस्मेटिकका सामग्री उत्पादनमा यसको प्रयोग गरिएको पाइन्छ । साथै यसको काठको मूर्ति, मालाहरू समेत बनाइन्छ । यसको प्रयोगको हिसाबले हेर्ने हो भने खासगरी महँगा पर्फुम, पाउडर लगायतका कस्मेटिक सामग्री, औषधिहरू निर्माणमा यसको प्रयोग हुन्छ ।

चुरो काठको गुणस्तर हेरेर नेपाली बजारमा यसको मूल्य पाँच हजारदेखि दश हजार सम्म प्रति किलोसम्म भएको पाइन्छ भने भारतमा नेपाली रुपैयाँ बीसदेखि पच्चीस हजार सम्ममा किनबेच भएको पाइन्छ । जीउ भत्भती पोल्ने, चर्मरोग, कुष्ठरोग, टाउको दुखेको, बिर्सने बानी भएको, स्मरणशक्ति पूर्ण वा आंशिक रूपमा गुमेको, मस्तिष्कका रोग, मुटुको रोग, अम्लपित्त, कमलपित्त, ग्याष्ट्रिक, महिनावारीका बखत धेरै रगत बग्ने र योनीबाट सेतो पानी बग्नेमा चूर काठको चूर्ण खाइन्छ । काठबाट निकालिएको तेल गनोरियामा दलिन्छ । रगत आइरहने खालको पाइल्समा चूरकाठलाई पानीमा पकाई त्यसमा अदुवाको रस मिसाई दलिन्छ/खाइन्छ । काठको विभिन्न किसिमका सौन्दर्य प्रसाधनहरू बनाउन पनि प्रयोग गरिन्छ । सुगन्धको हिसाबले सेन्ट बनाउन, साबन स्याम्फू लगायत अन्य कस्मेटिक्समा पनि प्रयोग गरिन्छ ।

**खेती प्रविधि**

श्रीखण्ड एक मझौला किसिमको रूख हुने अर्ध परजीवी बिरुवा हो । रोप्नका लागि बिरुवा बीउबाटै राम्रो उमार्न सकिन्छ । कटिङबाट जरा हाल्न मुस्किल मान्छ । फिल्डका लागि कम्तीमा दुई वर्ष पुगेका बिरुवा उपयुक्त मानिन्छन् । सामुद्रिक सतहबाट दुई-तीन सयदेखि १००० मिटर सम्म खेतीका लागि सबैभन्दा राम्रो भए पनि १५०० मिटरसम्म पनि यो हुर्केको पाइन्छ । तराई र भित्री मधेशका थोरै भिरालो परेका पानी नजम्ने भूभाग श्रीखण्ड वा सेतो चन्दनका लागि उत्कृष्ट जमिन हुन् ।

विश्वका १० महँगा काठहरू मध्ये श्रीखण्ड पनि एक मानिन्छ । श्रीखण्ड अर्ध पर जीवी भएको हुँदा यसलाई होस्ट प्लान्टसँगै लगाउँदा छिटो हुर्किने र उत्पादन समेत छिटो दिने हुन्छ । यसलाई होस्ट प्लान्टको रूपमा अमला, किम्बु, केरा साथै जमिनमा अन्य कोसे बिरुवालाई होस्ट प्लान्टको रूपमा लगाउन सकिन्छ । केरालाई होस्ट प्लान्टको रूपमा लगाउँदा दुवैतिरबाट आम्दानी लिन सकिन्छ । रूख रोपेको १२ देखि १५ वर्षमा उत्पादन लिन सकिन्छ । यसको १५ वर्षपछि उत्पादन लिंदा यसको चुरो पसेको काठ करिब १५ किलो देखि २५ किलोसम्म उत्पादन दिन्छ तर ढिलो गरी बाली काट्ने हो भने यसको उत्पादन बढ्न सक्छ ।

**अब के गर्ने त ?**

नेपालमा बढेको बढ्दो शहरीकरणको कारणले पहाडका खेतबारीमा निजी वनहरू दिनानुदिन बढ्दै र बाँझिदै गएका छन् । यो अवस्था कायमै रहने हो भने पहाडका खेतबारीहरू अरू आठ दश वर्ष पछि वनको रूपमा परिणत हुन पुग्छन् अनि हामीले गर्ने गर्व भनेको वन क्षेत्रको प्रतिशत यति वर्षमा यति बढायौं भन्ने मात्र हुनेछ । ती पहाडका खेतबारी र तराई मधेशमा मार्जिनल ल्यान्डमा यदि अब पनि हामीले खेती नगरी जंगलै बढाउने हो भने जंगलको प्रतिशत त अरू बढ्ला तर देश अरू गरिब हुँदै जाने कुरामा दुईमत नहोला ।

श्रीखण्ड जस्ता बहुमूल्य प्रजातिका रूख पनि ती खाली जग्गामा सही विकल्प हुन सक्छन् । तसर्थ वन मन्त्रालय अन्तर्गतका वनस्पति विभाग, डिभिजन वन लगायतका सम्बन्धित निकायहरूले नीतिगत सहजता खोजेर आधुनिक प्रविधि सहित, जनताको देश-विदेशको कमाइ पनि लगानी हुने गरेर ठोस योजना र सोही बमोजिमका कार्यक्रम आउन निकै विलम्ब भइसक्यो ।

*(साभार: अनलाइनखबर)*

# सम्भव छ त अमेरिकामा ह्यारिसको विजय ?



✍ श्यामप्रसाद मैनाली

संयुक्त राज्य अमेरिकामा आगामी राष्ट्रपति निर्वाचनको लागि जुन बाइडेनलाई राष्ट्रपतिको निर्वाचनमा डेमोक्रेटिक दलले अघि बढाए तापनि उनी उमेरले पाका मात्र नभई स्मरण शक्ति पनि कमजोर भएका उम्मेदवार हुन् । त्यसैले उनले आफ्नो स्वास्थ्य र उमेरका कारण कमला ह्यारिस उनकै टिमकी उपराष्ट्रपतिलाई छाडिदिने घोषणा गरेका छन् ।

यसपश्चात् डेमोक्रेट दलमा ऊर्जा थपिएको छ । डोनाल्ड ट्रम्पसँग प्रतिस्पर्धामा उभिएका बाइडेन ट्रम्पसँग पराजित हुने प्राय: निश्चितजस्तै थियो । यस अवस्थामा दलभित्रैबाट पनि उनलाई उम्मेदवार नबन्न आग्रह भइराखेको थियो । यो यथार्थता बुझेका बाइडेनले अन्तत: आफ्नै टिमकी उपराष्ट्रपति कमलालाई छाडिदिएका छन् । कमला राष्ट्रपतिको प्रतिस्पर्धीको रुपमा उत्रिएपश्चात् अमेरिकी नागरिकमा उत्साह थपिएको अवस्था छ।

उनलाई चुनावमा प्रचारप्रसार गर्न अल्प अवधिमा ठूलो रकम चन्दा उठ्नुले पनि यो प्रमाणित गरेको छ । तर डोनाल्ड ट्रम्पसँग बीच अवधिमा आएर प्रतिस्पर्धामा खडा भएकी कमला ह्यारिसका लागि धेरै प्रकारका चुनौती देखिएका छन्। उनको विजय यात्रा सुनिश्चित देखिएको छैन । तर बाइडेनभन्दा कमलाले बढी समर्थन अमेरिकी नागरिकहरूबाट प्राप्त गर्ने सन्दर्भमा कुनै सन्देह रहँदैन । अब कमलाको विजय सम्भव होला कि नहोला ? यस विषयमा निष्कर्षमा पुग्नुभन्दा पहिले उनले के-कस्ता प्रकारका चुनौतीहरु अमेरिकामा राष्ट्रपति पदमा प्रतिस्पर्धा गरिरहँदा सामना गर्नुपर्ने हुन्छ ? यसको बारेमा विश्लेषण गर्ने प्रयास यस आलेखमा गरिएको छ ।

विश्वभर नै प्रजातन्त्रको नेतृत्व गर्दै हिँड्ने र शक्तिशाली राष्ट्र संयुक्त राज्य अमेरिका हो । यस देशमा लोकतन्त्रको धेरै लामो समयदेखि सफल अभ्यास भइराखेको छ । प्रजातन्त्रको लामो सफल अभ्यास भइराखेको देशका नाताले अमेरिकामा को व्यक्ति राष्ट्रपति हुने हो ? खासै ठूलो प्रभाव पार्ने देखिँदैन । किनकि राष्ट्रिय दलका रूपमा अस्तित्वमा आएका दलहरू डेमोक्रेट र रिपब्लिकन दुवै लोकतान्त्रिक मूल्य-मान्यतामै आधारित भएर राजनीति गरिराखेका छन् । यस देशमा साम्यवादी दलको खासै प्रभाव देखिएको छैन । त्यसैले अमेरिकामा अन्य लोकतान्त्रिक अभ्यास भइरहेका बहुदलीय शासन प्रणाली अवलम्बन गरी आएका देशहरूमा जस्तै लोकतन्त्रवादी र साम्यवादी दलहरूको बीच प्रतिस्पर्धा हुँदैन । यी बाहेक अन्य आधारमा कमलाको विजयी यात्रा सुनिश्चित छ/छैन ? विश्लेषण गर्नुपर्ने हुन्छ ।

अमेरिका शक्तिशाली राष्ट्र भएका कारण आफ्नो आन्तरिक रणनीतिका लागि ठूलो मूल्य चुकाउन सदैव तत्पर रहिआएको छ । सद्दाम हुसेन, कर्नेल गद्दाफी हुँदै ओसामा बिन लादेनको भौतिक अस्तित्वकै समाप्ति अमेरिकाले कसरी गर्न पुग्यो ? यसबाट पनि अमेरिकाले आफ्नो प्रभाव विश्वमा पार्नका लागि उपयुक्त अनुपयुक्त दुवै प्रकारका रणनीतिहरु अवलम्बन गर्दै ठूलो स्रोत-साधन, धनजनको उपयोग गर्न सधैं अग्रपंक्तिमा रहेको देखिन्छ । अमेरिकन रणनीतिका आधारमा ठूला-ठूला युद्धहरू पटक-पटक विश्वमा भएका छन् । कतिपय युद्धहरू अत्यन्त लामो समयसम्म लडिएको छ । सोभियत युनियनलाई विघटन गरी टुक्रा-टुक्रा अथवा विभिन्न साना-ठूला राज्यहरूमा विभाजन गर्न तत्कालीन राष्ट्रपति निक्सन र उनका अत्यन्त प्रख्यात विदेश मामिला सल्लाहकार हेनरी किसिन्जरले खेल्नुभएको भूमिका उल्लेखनीय छ । चीनबाट सोभियत संघलाई घेराबन्दी गराउने र त्यसमा संयुक्त राज्य अमेरिकाले सबै प्रकारको सहयोग उपलब्ध गराएर वर्तमान समयमा आफू एकल शक्तिशाली कुशल रणनीतिकार राष्ट्रका रूपमा अस्तित्वमा रहेको छ । यसमा अमेरिका सधैं गम्भीर देखिन्छ । त्यसैले कमला ह्यारिसले यी रणनीतिहरूमा आफूहरूलाई कसरी प्रस्तुत गर्छिन् ? त्यसैमा उनको विजय वा पराजय हुने सुनिश्चित छ ।

संयुक्त राज्य अमेरिका यस्तो देश हो, जुन आफ्नो भलाइका लागि जस्तासुकै रणनीतिहरु अवलम्बन गर्न पछि पर्दैन । हालकै अवस्थामा विश्लेषण गर्दा पनि युक्रेन र रसियाको बीचको युद्ध लम्बिने निश्चित छ । रूससँग युक्रेनको होइन, संयुक्त राज्य अमेरिकाको युद्ध भइराखेको छ । प्राय: प्रत्यक्षरुपमै संयुक्त राज्य अमेरिका युक्रेनसँग घनिष्ट रूपले सम्बन्धित भएको छ । सबै प्रकारका सहयोगहरु संयुक्त राज्य अमेरिका र नाटोसम्बन्ध पश्चिमा देशहरुले युक्रेनलाई उपलब्ध गराएका छन् । अल्प अवधिमा युक्रेनलाई परास्त गरी उक्त भूभाग आफ्नो भूभागमा मिलाउने दुराशयसहित युद्धमा होमिएको रुस यति लामो समयसम्म युद्ध गर्दा आजित बनेको छ । शुरुमा रुसले युक्रेनको केही भूभाग कब्जा गरेको थियो । धेरै युक्रेनीहरुलाई शरणार्थी बन्न बाध्य बनाएको थियो । तर अहिले प्रत्यक्ष सैन्य सहयोग र हातहतियार अत्याधुनिक प्रकारका प्रदान गरेका कारण रुसको हजार किलोमिटर भित्रसम्म युक्रेनी सेना प्रवेश गरेको दाबी युक्रेनले गरि आएको छ । यसअघि युक्रेन आक्रामक बन्न सकेको थिएन । रक्षात्मक मात्र बनी आफ्नो भूभाग र सार्वभौमसत्ता कसरी संरक्षण गर्ने ? भन्ने सन्दर्भमा मात्र सीमित बनेको थियो । अहिले युद्धको रणनीति परिवर्तन भएको छ । यो युक्रेनको नभई संयुक्त राज्य अमेरिका, नाटो र पश्चिमा देशहरूको हो । जसको नेतृत्व स्पष्टरुपमा अमेरिकाले गरिराखेको छ ।

इजरायलले गाजा क्षेत्रमा आक्रमण गरी ठूलो संख्यामा प्यालेस्टाइन बालबालिका, महिलालगायतको हत्या गरिराखेको छ । यसमा संयुक्त राज्य अमेरिकाले आफ्नो अस्तित्वको लडाइँ बनाइराखेको स्थिति छ । भोलिका दिनमा के-कति हत्या हिंसा हुने हो ? विश्वको चासो त्यसतर्फ गएको छ । विजयी भएर मात्रै युद्धबाट फर्किने इजरायली सोचाइ अमेरिकी सहयोगमा नै आएको हो । यसमा स्पष्ट हुँदा हुन्छ । संयुक्त राष्ट्र संघलगायतका अन्तर्राष्ट्रिय संघसंस्थाहरु, मानवअधिकारवादीहरू यसको अन्त्य हुनुपर्दछ भन्दै पैरवी गरिराखेका छन् । अभियान चलाइराखेका छन् । तर इजरायल युद्धबाट पछि हट्ने सम्भावना अत्यन्त न्यून देखिँदै आएको छ । यस्ता प्रकारका युद्धबाट विश्व प्रभावित हुन्छ । मानवअधिकारको दृष्टिले, आर्थिक दृष्टिले, कूटनीतिक दृष्टिले, सामाजिक दृष्टिले संयुक्त राज्य अमेरिकाको बारेमा स्वतन्त्र विश्लेषण विश्वभर भइराखेको अवस्था छ । अब कमला ह्यारिसले यी विषयमा के-कस्ता एजेन्डा र रणनीति अघि सार्दै निर्वाचनमा होमिने हुन् ? यसबाट पनि संयुक्त राज्य अमेरिकाका स्वतन्त्र मतदाताहरूले उनलाई मत दिने या नदिने निर्णय गर्नेछन् ।

उनको चुनावी ऱ्यालीमा एक स्थानमा श्रोताहरुले इजरायलमा शान्ति कायम हुनुपर्छ भन्दै गरेको नाराबाजीलाई कमला ह्यारिसले सकारात्मकरुपमा लिइनन् । यसबाट केही मतदातामा उनी गाजा क्षेत्रमा थप नरसंहार गर्न उद्यत् रहन्छिन् भन्ने आशंका उत्पन्न भएको छ । किनकि यसको स्पष्टता खोज्ने मतदाताहरूलाई उनले ट्रम्पका समर्थकको संज्ञा दिएकी छन् । यो उनको गैरराजनीतिक र कूटनीतिक कमजोरीका रुपमा संयुक्त राज्य अमेरिकामा थप चर्चा पाइराखेको छ । यस्ता घटनाक्रमले गर्दा राष्ट्रपतिका उम्मेदवारहरूको भविष्य सुनिश्चित हुन्छ । किनकि संयुक्त राज्य अमेरिकाका नागरिकहरू शिक्षित छन्, राजनीतिक हिसाबले जागरुक छन् । उनीहरुले दल र दल विशेषका उम्मेदवारहरूको स्वतन्त्र मूल्यांकन राम्ररी गर्दछन्। यसो भनिरहँदा अमेरिकाको वर्तमान समयको युक्रेन र इजरायलप्रतिको नीतिले अमेरिकन नागरिकहरू ठूलो संख्यामा कमलाको विरुद्धमा मतदान गर्छन् भन्न खोजिएको होइन। अमेरिकनहरू आफ्नो देशको शिर सधैं उच्च भएको हेर्न चाहन्छन् । कहीं-कतै अमेरिका पराजित हुनुहुन्न भन्ने दह्रो मानसिकता उनीहरूमा छ । यस अर्थमा कतिपय अवस्थामा बहुमत अमेरिकी नागरिकहरू आफ्नो देशको यस प्रकारको विध्वंशात्मक रणनीतिको पक्षमा पनि उभिने गरेका छन्।

युद्धको कारणले संयुक्त राज्य अमेरिकामा राष्ट्रपतिका उम्मेदवारहरू विरलै पराजित बनेका छन् । तर अमेरिकी नागरिकहरूको स्वाभिमान बचाउन नसक्ने राष्ट्रपतिले अमेरिकामा निरन्तरता प्राप्त गर्न नसकेको उदाहरण पाउन सकिन्छ । संयुक्त राज्य अमेरिकाका नागरिकहरूमा अर्को एउटा सशक्त मनोविज्ञान रहेको छ । अपवादबाहेक उनीहरू अश्वेत र महिलालाई राष्ट्रपति पदमा सहजै सहर्ष स्वीकार गर्दैनन् । हालसम्म त्यस देशमा महिला राष्ट्रपतिको रूपमा जिम्मेवारीमा नपुग्नु पनि यही मनोविज्ञानको प्रतिफलका रुपमा विश्लेषण गरिन्छ । उदाहरणका लागि हिलारी क्लिन्टनले राष्ट्रपतिको उम्मेदवार बन्न बाराक ओबामा र आफूबीच प्रतिस्पर्धामा सफल हुनका लागि देशव्यापी दौडाहा गरिन् । उनलाई प्रखर वक्ताको रुपमा हेरिन्छ ।

उनको गेटअप त्यत्तिकै सुन्दर छ । तर उनी महिला हुन् । महिला भएकै कारणले उनलाई उनका पति बिल क्लिन्टनको लेभेन्सकी प्रकरणले ठूलो विवाद महिलाहरूमा देखियो । महिलाहरुलाई विभिन्न ठाउँमा महिला मतदाताहरूले आफ्ना पति बिल क्लिन्टनको पक्षमा उनलाई सफाइ दिलाउन अभियान नै छेडेको स्मरण गराए । हिलारीप्रति इमानदार रहन नसकेका उनका पति क्लिन्टनको पक्षमा उभिने महिलाले अमेरिकाका सम्पूर्ण महिलाको भलाइका लागि खडा हुन सक्ने विषयमा सन्देहसहितको विरोध महिलाहरुले नै गरे । डेमोक्रेट दलभित्रका पुरुषले भन्दा महिलाले नै हिलारीलाई रुचाएनन्, स्वीकार गरेनन् । त्यसैका कारण अश्वेत नै भए पनि बाराक ओबामा दलभित्र हाबी बन्न पुगे । उम्मेदवार बने, निर्वाचन जिते । ओसामा बिन लादेनको पाकिस्तानको भूभागमा जबरजस्ती सैन्यदस्ता प्रवेश गराई हत्या गराए । अमेरिकी जनताले उनैलाई मन पराए । किनकि उनको युद्ध आतंकवादका विरुद्ध थियो । त्यसैले यस प्रकारको मनोविज्ञान पालेका अमेरिकी नागरिकहरुले स्वत: र उत्साहका साथ कमला ह्यारिसलाई मत देलान्, आशंका गरिँदै छ । किनकि उनको प्रतिस्पर्धा विशुद्ध श्वेत पुरुष डोनाल्ड ट्रम्पसँग भइराखेको छ।

निष्कर्षमा भन्नुपर्दा राष्ट्रपतिको निर्वाचनमा कमला ह्यारिस र डोनाल्ड ट्रम्पमध्ये को भारी हुने हुन् ? भन्ने विषय अत्यन्त पेचिलो बन्दै छ । लामो समयदेखि लोकतन्त्रको सफल अभ्यास भएको देश संयुक्त राज्य अमेरिकामा विभिन्न प्रकारका विवादास्पद मामिलाहरूमा अदालतबाट दोषी प्रमाणित भएका व्यक्ति डोनाल्ड ट्रम्प हुन । उनलाई राष्ट्रपतिको उम्मेदवार बन्न मिल्ने वा नमिल्ने भन्ने सन्दर्भ पनि विश्लेषणको विषय बनिराखेको छ । उनी आफैं प्रसिद्ध व्यापारी हुन् । स्रोत-साधन उनी आफैसँग पर्याप्त छ । त्यसमा पनि संयुक्त राज्य अमेरिकाका धेरैजसो धनाढ्यहरूको समर्थन ट्रम्पलाई देखिएको छ । यस अर्थमा ट्रम्प नै विजयी हुने हुन् कि भन्ने अनुमान पनि गरिँदै छ । कमला ह्यारिसको पक्षमा दाताहरू अत्यन्त उत्साहका साथ देखिनु उनको विजयको लागि शुभसंकेत हो।

संयुक्त राज्य अमेरिकाका महिला मतदाताले महिला राष्ट्रपति पाउने यो अवसर पनि हो । यस अर्थमा पनि यो फाइदा कमलालाई हुन सक्ने अनुमान भइराखेको छ । तर संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिको निर्वाचन अत्यन्त प्रतिस्पर्धी हुने, अत्यन्त झीनो मतले मात्र यी दुई उम्मेदवारमध्ये एकको विजय हुने अवस्था देखिन्छ। तर पनि निर्वाचनको लागि अझ समय बाँकी रहेकाले त्यस अवधिमा संयुक्त राज्य अमेरिकाका मतदाताहरुले यी दुवै उम्मेदवारको बारेमा के-कस्तो अवधारणा बनाउने हुन् ? अहिले निश्चित गर्न सक्ने अवस्था छैन । तर पनि संयुक्त राज्य अमेरिकाका सचेत नागरिकहरूले राष्ट्रका लागि प्रथम महिला राष्ट्रपति पाउने सुवर्ण अवसरको रुपमा यस आसन्न निर्वाचनलाई लिनुपर्ने हुन्छ । अमेरिकी नागरिक कुन हदसम्म महिला उम्मेदवारको पक्षमा उभिई इतिहास रच्ने हुन् वा होइनन् ? प्रतीक्षाको विषय भएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र ३१ गते सोमबार १६ सेप्टेम्बर २०२४ । त्रयोदशी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:५०, सूर्यास्त ६:०५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ नतिजा आउनेछ | **तुला** | : घरेलु समस्याले सताउनेछ |
| **वृष** | : दिन रमाइलो हुनेछ | **वृश्चिक** | : आफन्तले धोका दिन सक्नेछन् |
| **मिथुन** | : मन खिन्न हुनेछ | **धनु** | : मनमा उमङ्ग बढ्नेछ |
| **कर्कट** | : शरीरमा स्फुर्ती बढ्नेछ | **मकर** | : रमाइलो छोटो यात्रा हुनेछ |
| **सिंह** | : घरायसी मेलमिलाप हुनेछ | **कुम्भ** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **कन्या** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **मीन** | : अरुको विश्वास जित्न सकिनेछ |

# एनपीएलका ८ मार्की खेलाडी, को कस्ता ?




काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) २०२४ का ८ फ्रेन्चाइज टोलीले लक्की ड्र मार्फत मार्की खेलाडी अनुबन्ध गरेका छन् । शनिबार भएको लक्की ड्र मा नेपाल क्रिकेट संघ (क्यान) का कोषाध्यक्ष पदम खड्काले कालो झोलामा बाँधिएको क्रिकेटको ८ वटा बल एउटा बाकसमा राखिदिएका थिए । हरेक फ्रेन्चाइज टोलीका तर्फबाट एक/एक जना बालबालिकालाई बल झिक्न पठाइएको थियो । सुरुवातमा बल झिकेको काठमाडौंले तीव्र गतिका बलर करण केसीलाई मार्की पायो ।

त्यसपछि क्रमश : पोखराले नेपाली क्रिकेट टोलीका ओपनर कुशल भुर्तेल, चितवनले अलराउन्डर कुशल मल्ल, विराटनगरले स्पिनर सन्दीप लामिछाने, लुम्बिनीले कप्तान रोहित पौडेल, जनकपुरले ओपनर आसिफ शेख र कर्णालीले तीव्र गतिका बलर सोमपाल कामीलाई मार्की प्लेयरका रुपमा पाए ।

अन्तिममा नाम रहेको नेपालका प्रमुख अलराउन्डर दीपेन्द्रसिंह ऐरी भने स्वत: आफ्नो जन्मथलो सुदूरपश्चिम पुगे । लुम्बिनी, सुदूरपश्चिम र जनकपुरले आफ्नै क्षेत्रका मार्की खेलाडी पाए । मार्की खेलाडीले हरेक सिजनमा समान २० लाख रुपैयाँ पाउनेछन् । उनीहरुसँग टिमले तीन वर्षको सम्झौता गर्नेछ ।

मार्की खेलाडीको मुख्य काम अक्सनको समयमा टिम निर्माण गर्नु हो । कुन खेलाडी किन्ने वा नकिन्ने निर्णय प्रशिक्षक र टिमसँग मिलेर गर्नुपर्ने हुन्छ । सबै मार्की खेलाडी कप्तान हुन्छन् भन्ने पनि हुँदैन । अक्सनपछि बनेको टिमबाट निर्णय लिनसक्छन् । आगामी नोभेम्बर र डिसेम्बरमा हुने एनपीएलका लागि अरु खेलाडीको अक्सन दशैंअघि नै हुनेछ ।

मार्की ८ खेलाडीमध्ये कुशल मल्लले भने अहिलेसम्म कुनैपनि प्रतियोगितामा कप्तानी गरेका छैनन् । मार्की ८ खेलाडीको बारेमा छोटकरीमा जानकारी :

**१.रोहित पौडेल - लुम्बिनी**

फर्चुन हेल्थ केयरको स्वामित्वमा रहेको लुम्बिनीले आफूले खोजेकै मार्की खेलाडी रोहित पौडेललाई पायो । भरपर्दा ब्याटर, नेपाली टोलीका कप्तान र आफ्नै क्षेत्र नवलपरासीका रोहितलाई पाउँदा टिम खुशी छ ।

रोहितले सन् २०१८ मा नै नेपालको यू-१९ टोलीको नेतृत्व गरेका थिए । उनको कप्तानीमा विराटनगर नेपाल टी-२० लिग २०२२/२३ मा फाइनलसम्म पुगेको थियो । यद्यपि त्यस प्रतियोगितामा सुरुवाती केही खेल भने वेस्टइन्डिजका आन्द्रे म्याकार्थीले नेतृत्व गरेका थिए । तर स्टप फिक्सिङको आरोपपछि अन्तिम ७ खेलमा रोहितले कप्तानी गरेका थिए ।

रोहित २०२२ पछि नेपालको ओडीआई र टी-२० आई दुबैका कप्तान हुन् । धेरैले आशा मारेको ओडीआई मान्यता जोगाउन लिग-२ का अन्तिम १२ मध्ये ११ खेल नेपालले रोहितको कप्तानीमा नै जितेको थियो ।

नेपाललाई एसिसी प्रिमियर कपको उपाधि, ओडीआई मान्यता निरन्तरता, पहिलो पटक एसिया कपमा सहभागिता र १० वर्षपछि टी-२० विश्वकपमा पुऱ्याउन सफल रोहितले नेपाली टोलीमा एकता पनि कायम राखेका छन् ।

रोहित नेपालका एक सफल कप्तानसँगै शीर्षक्रमका ब्याटर हुन् । उनले टोलीको इनिङ विकास र लामो इनिङ खेल्ने गर्छन् । उनले ६१ ओडीआई र ५२ टी-२० आई खेलिसकेका छन् ।

**२.सोमपाल कामी - कर्णाली**

हिमालयन बिल्डर्सले किनेको कर्णालीले नेपालका सर्वाधिक अनुभवी अलराउन्डर सोमपाल कामीलाई पायो । सोमपाल तीव्र गतिसँगै तल्लोक्रममा राम्रो ब्याटिङ गर्दै टोलीलाई जिताउन सक्छन् । उनले क्रिकेटका घरेलु प्रतियोगिताहरुमा सफल कप्तानको पहिचान बनाइसकेका छन् । उनको नेतृत्वमा २०१८ मा टिम चौराह धनगढीले डीपीएल र २०२१ मा चितवन टाइगर्सले ईपीएलको उपाधि जितेको थियो ।

गुल्मी घर भएका सोमपालले नेपाल टी-२० लिगबाहेक अन्य सबै तीन फ्रेन्चाइज लिगमा नेपालको नेतृत्व गरेका छन् । विभागीय टोलीमा भने उनले विनोद भण्डारीको नेतृत्वमा त्रिभुवन आर्मी क्लबबाट खेल्ने गर्छन् । नेपालबाट दुई विश्वकप खेल्ने एक्लो क्रिकेटर उनले ५४ ओडीआई र ६८ टी-२० आई खेलेका छन् ।

**३. करण केसी - काठमाडौं**

कान्तिपुर मिडिया ग्रुपको स्वामित्व रहेको काठमाडौंले शनिबारको लक्की ड्रमा अनुभवी अलराउन्डर करण केसीको नाम निकालेको थियो । करणले पहिलो पटक २०१९ मा धनगढी प्रिमियर लिगमा विराटनगर किंग्सको कप्तानी गरेका थिए । उनले सन् २०२१ को एभरेष्ट प्रिमियर लिगमा विराटनगरको नेतृत्व गरेका थिए । करणले नेपाल टी-२० लिग र पोखरा प्रिमियर लिगमा भने नेतृत्व गरेनन् । विभागीय टोलीमा नेपाल पुलिस क्लबबाट दीपेन्द्रको कप्तानीमा खेल्ने गर्छन् ।

उनी तीव्र गतिका बलर सँगै क्लिनहिटर हुन् । सन् २०१८ मा नेपाललाई ओडीआई मान्यतासम्म पुऱ्याउन क्यानडाविरुद्ध सुपर हिरो बनेका थिए । करणले नेपालबाट ५१ ओडीआई र ७० टी-२० आई खेलेका छन् ।

**४.सन्दीप लामिछाने - विराटनगर**

एमएडी ड्रिम स्पोर्ट्सको स्वामित्वमा रहेको विराटनगरले नेपालका प्रमुख स्पिनर सन्दीप लामिछानेलाई पायो । सन्दीप लक्की ड्र मा काठमाडौंबाहेक अन्य सबै फ्रेन्चाइजले चाहेका मार्की खेलाडी थिए । इन्डियन प्रिमियर लिग (आईपीएल) सँगै विश्वका प्रमुख फ्रेन्चाइज लिग खेलेका उनले घरेलु, फ्रेन्चाइजसँगै नेपाली राष्ट्रिय टिमको कप्तानी गरिसकेका छन् ।

उनको पहिलो कप्तानीमा २०१८ को पीपीएलमा विराटनगरले ५ मध्ये ४ खेलमा हारेको थियो । उनले २०२१ को ईपीएलमा काठमाडौं ११ को कप्तानी गर्दै टोलीलाई प्लेअफ सम्म पुऱ्याएका थिए । त्यस्तै २०२१ मा सन्दीपले काठमाडौं मेयर्स कप (५० ओभरको घरेलु प्रतियोगिता) मा मेयर्स ११ को कप्तानी गरेका थिए ।

उनी २०२२ मा नेपालको कप्तान रहेका बेला बलात्कारको आरोप लागेपछि एक वर्ष नपुग्दै निलम्बनमा परेका थिए । उनले १८ टी-२० आई र १४ ओडीआई खेलमा नेपालको कप्तानी गरेका छन् ।

सन्दीपले नेपालबाट ५१ ओडीआईमा ११२ र ५४ टी-२० आईमा १ सय विकेट लिएका छन् । सन्दीप ओडीआईमा सर्वाधिक छिटो ४२ खेलमा १०० विकेट पूरा गर्ने विश्व कीर्तिमानी खेलाडी हुन् । उनले अफगानिस्तानका रासिद खानको ४४ खेलको कीर्तिमान तोडेका थिए ।

**५.कुशल भुर्तेल - पोखरा**

नेपाल टी-२० प्रालिको स्वामित्वमा रहेको पोखराले लक्क ड्रमा युवा ओपनर कुशल भुर्तेलको नाम निकालेको थियो । २०२१ देखि नेपालबाट खेल्दै आएका कुशल आक्रामक ओपनिङसँगै लेग स्पिन पार्टटाइम गर्ने गर्दछन् । कुशलले २०२१ को ईपीएलमा ललितपुर प्याट्रियट्सको कप्तानी गरेका थिए । उनको कप्तानीमा ललितपुरले ५ मध्ये एक खेलमा मात्रै जित हात पारेको थियो ।

टी-२० आईमा डेब्यु गरेपछि सुरुवाती तीन खेलमा अर्धशतक बनाउने कीर्तिमान बनाएका उनको घर रुपन्देही हो । उनले नेपालबाट ५२ ओडीआई र ४६ टी-२० आई खेल खेलेका छन् ।

**६.दीपेन्द्रसिंह ऐरी - सुदूरपश्चिम**

इम्पियर स्पोर्ट्सको स्वामित्वमा रहेको सुदूरपश्चिम भाग्यमानी टोली रह्यो । अन्तिममा नाम रहँदा बल नै नहेरी नेपाली टोलीका प्रमुख हतियार दीपेन्द्रलाई मार्की प्लेयरको रुपमा पाएको थियो ।

दीपेन्द्र अक्सनमा सबै ८ फ्रेन्चाइजले नै चाहेका क्रिकेटर थिए । किनभने उनी ब्याटिङ, बलिङ, फिल्डिङ र नेतृत्व चारै क्षेत्रबाट टोलीलाई सहज जित दिलाउन सक्ने खुबी भएका क्रिकेटर हुन् । घरेलु क्रिकेटमा हालसम्म भएका चार फ्रेन्चाइज, ईपीएल, डीपीएल, पीपीएल र नेपाल टी-२० लिगमा कप्तानी गर्ने एक्लो खेलाडी हुन् ।

कञ्चनपुर घर भएका दीपेन्द्रको कप्तानीमा नेपालले २०१७ को यू-१९ एसिया कपमा भारतलाई १९ रनले हराएको थियो । उनले ८८ रनका साथै ४ विकेट लिँदै कप्तानी इनिङ खेलेपछि इतिहासमै नेपालले भारतलाई पहिलो पटक हराएको थियो ।

उनी २०१७/१८ मा नेपालको यू-१९ कप्तान थिए । त्यस्तै २०१९/२०२१ सम्म नेपालको सिनियर टिमको उपकप्तान थिए ।

दीपेन्द्रको कप्तानीमा सीवाईसी अत्तरियाले २०१९ मा डीपीएलको उपाधि जितेको थियो । उनको कप्तानीमा लुम्बिनी अल स्टार्सले नेपाल टी-२० लिग २०२३ मा उपाधि जितेको थियो । नेपाल पुलिस क्लबले नवौं राष्ट्रिय खेलकुद २०२२ मा स्वर्ण र प्रधानमन्त्री कप २०२४ को च्याम्पियन बनेको थियो ।

दीपेन्द्र विश्व क्रिकेट इतिहासमै सर्वाधिक ९ बलमा अर्धशतक प्रहार गर्ने खेलाडी हुन् । गतवर्ष मंगोलियाविरुद्ध मात्रै ९ बलमा उनले बनाएको अर्धशतकको कीर्तिमान तोडिने सम्भावना न्युन छ । त्यस्तै यसै वर्ष अप्रिलमा टी-२० आईमा ६ बलमा ६ छक्का हानेका थिए । दीपेन्द्रले नेपालबाट ५५ ओडीआई र ६७ टी-२० आई खेल खेलिसकेका छन् ।

**७.कुशल मल्ल - चितवन**

चितवन मेडिकल कलेजको स्वामित्वमा रहेको चितवनले कुशल मल्ललाई मार्की खेलाडी बनाएको छ । हालसम्म कुनैपनि प्रतियोगितामा कप्तानी नगरेका उनी पहिलो पटक मार्की खेलाडीमा परेका थिए । आक्रामक ब्याटिङ र स्पिन बलिङका साथ नेपालबाट शानदार प्रदर्शन गरेपछि मार्की खेलाडी बनेका हुन् ।

उनको मुख्य विशेषता विष्फोटक ब्याटिङमा जित सहज बनाउनु हो । रुपन्देही घर भएका उनले नेपालबाट ओडीआई, टी-२० आई र समग्र इतिहासमै छिटो शतक हान्ने खेलाडी हुन् ।

कुशलले सन् २०२३ मा मंगलोलियाविरुद्ध ३४ बलमै हान्दा टी-२० आई इतिहासकै सर्वाधिक छिटो १०० रन बन्दै विश्व कीर्तिमान बनेको थियो । तर गत फेब्रुअरीमा नामिबियाका निकोल लोफ्टीले ३३ बलमा नेपालविरुद्ध शतक हान्दै कुशलको कीर्तिमान तोडेका थिए ।

त्यस्तै २०२३ को एसिसी प्रिमियर कप ओडीआईमा ओमानविरुद्ध ५९ बलमै शतक हानेका थिए । टी-२० विशेष खेलाडी कुशलले नेपालबाट ३६ ओडीआई र ४२ टी-२० आई खेल खेलेका छन् । गतवर्ष मंगोलियाविरुद्ध जोडेको १३७ रन उनको अन्तर्राष्ट्रिय करिअरको उत्कृष्ट प्रदर्शन हो ।

**८. आसिफ शेख- जनकपुर**

ड्रिम स्पोर्ट्सको स्वामित्वमा रहेको जनकपुरले ओपनर आसिफ शेखको नाम निकालेको थियो । रोचक के थियो भने लक्की ड्र मा बल तान्न गएका बालकले कसैलाई नदेखाई बक्स पछाडि गएर बाँधिएको झोला खोलेका थिए । र जनकपुरले खोजेको आफ्नै क्षेत्रका आसिफ शेखलाई पायो ।

वीरगञ्ज घर भएका आसिफले २०२१ देखि नेपालबाट खेल्दै लगातार ठूला सफलता दिलाएका छन् । नेपालको ओडीआई मान्यता जोगाउन, एसिया कप खेल्न र विश्वकपमा १० वर्षपछि पुग्न आसिफको योगदान महत्वपूर्ण थियो ।

आसिफले नेपालबाट २०१८ मा यू-१९ टोलीको नेतृत्व गरेका थिए । फ्रेन्चाइज क्रिकेटमा भने नेतृत्व गरेका छैनन् । आसिफले नेपालबाट ४९ ओडीआई र ४७ टी-२० आई खेल खेलेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# दसैंका अवसरमा स्वदेशदेखि विदेशका कार्यक्रममा समेत कलाकार व्यस्त

काठमाडौं/तिज पर्व सकिए लगत्तै कलाकारलाई नजिँकिदै गरेको दसैं कार्यक्रमको चटारो पर्न थालिसकेको छ । विशेष गरेर दसैंको अवसर पारेर आयोजना हुने कार्यक्रममा गायक-गायिकालाई निम्त्याइन्छ । लोकदोहोरी, आधुनिकदेखि पपसम्म सबै प्रकारका गायक-गायिकालाई स्वदेशी तथा विदेशी कार्यक्रम आयोजकले बुकिङ गरिरहेका छन् ।

लोकप्रिय गायक हिमाल सागर नजिकिँदै गरेको यो दसैंमा नेपाल बाहिर हुनेछन् । किनभने दसैं र तिहारमा अमेरिका र क्यानडाको विभिन्न कार्यक्रमका लागि उनको नाम फाइनल भइसकेको छ । अमेरिका र क्यानडा उड्नु अगाडि झापाको बिर्तामोड, धनगढी लगायत स्वदेशी केही कार्यक्रममा पनि उनी सहभागी हुनेछन् ।

अमेरिका र क्यानडाको केही कार्यक्रम सकेर भर्खर फर्किएका हिमाल सागरले आधा कार्यक्रम सकिएको र आधाका लागि फेरि जाने बताए । 'स्वदेशका विभिन्न जिल्लाबाट आयोजकको फोन निरन्तर आइरहेको छ । विदेशकै कार्यक्रममा बुकिङ भएकाले स्वदेशका कार्यक्रममा सहभागी हुन नसक्ने भन्दै आएको छु,' उनले थपे ।

त्यस्तै, गायक दुर्गेश थापा पनि दसैंसम्म निकै व्यस्त हुनेछन् । केही दिन अगाडि अष्ट्रेलियाबाट फर्किएका उनी थुप्रै ठाउँमा आयोजना हुने दसैं कार्यक्रमका लागि अनुबन्ध भइसकेका छन् । चितवन, गोर्खा, नुवाकोट, बनेपा, विराटनगर, भैरहवा, लम्कीलगायतका कार्यक्रममा उनी सहभागी हुनेछन् । विगतको तुलनामा यो वर्ष दसैंमा धेरै व्यस्त हुने उनले बताए ।

लोकगायिका भुमिका गिरी पनि दसैंका लागि विभिन्न कार्यक्रममा अनुबन्ध भएकी छन् । गिरीलाई दसैं कार्यक्रमले छोइसकेको छ । उनी बिहीबारदेखि दसैं कार्यक्रममा व्यस्त भएकी छन् । बिहीबार दसैंको अवसर पारेर चितवनमा आयोजित एक कार्यक्रममा उनले प्रस्तुति दिइन् । अहिलेसम्म रोल्पा, धादिङ, नेपालगञ्ज लगायतका स्थानमा हुने कार्यक्रमका लागि बुकिङ भएको उनले बताइन् । 'केही स्थानमा कुरा भइरहेको छ । दसैं आउन एक महिना बाँकी भएकाले अझै धेरै ठाउँको कार्यक्रम पर्न सक्छ,' उनी भन्छिन् ।

लोकप्रिय गायक प्रमोद खरेल पनि कार्यक्रमका लागि धमाधम बुकिङ भइरहेका छन् । शुक्रबार काठमाडौंमा परम्परा ब्याण्डसहित कार्यक्रम गरेका गरेका उनी शनिबार कोरिया उड्नेछन् । कोरियाबाट फर्किएलगत्तै उनी अमेरिका टुरमा निस्किनेछन् । आफू यो दसैंका लागि विदेशी कार्यक्रममा बुकिङ रहेको उनले बताए ।



लोकगायक नविन पौडेल पनि दुबई, अष्ट्रेलिया, जापान कार्यक्रमका लागि बुक भइसकेका छन् । विदेशका कार्यक्रम बाहेक नेपालका केही कार्यक्रमसमेत भ्याउने उनको योजना छ । चर्चित साङ्गीतिक ब्याण्ड 'मंगोलियन हार्ट' हङकङ कार्यक्रमका लागि बुकिङ भएको छ । अष्ट्रेलिया, दक्षिण कोरिया, दुबई, अबुधाबीपछि मंगोलियन हार्टले हङकङको युन् लोङ थिएटरमा १५ सेप्टेम्बर मा बृहत् कन्सर्ट गर्न लागेको हो ।

गायक बद्री पंगेनी, कुलेन्द्र विश्वकर्मा, गायिका प्रिती आले, लक्ष्मी आचार्य लगायत थुप्रै गायक-गायिका धमाधम कार्यक्रममा बुकिङ भइरहेका छन् । यस वर्ष दसैं कार्यक्रमका लागि कलाकारलाई स्वदेशका विभिन्न जिल्लाका अलावा अमेरिका, युरोप, अस्ट्रेलिया, जापान, दुबई, मलेसिया लगायतका देशबाट प्रस्ताव आइरहेको छ ।

**जो तिजबाटै दसैंसम्म बुकिङ**

शान्तिश्री परियार, ज्योति मगर, रचना रिमाल यतिबेला अमेरिकामा छन् । 'अब नाच्छ अमेरिका' कार्यक्रमका लागि तिज अगाडि अमेरिका पुगेका उनीहरू दसैंसम्म अमेरिकाको विभिन्न स्थानमा आयोजित कार्यक्रममा सहभागी हुँदैछन् ।

गायिका मिलन नेवार पनि अहिले अमेरिकामा छिन् । केही अगाडि अमेरिका पुगेकी उनको पनि दसैंसम्म कार्यक्रम रहेको बताइन्छ । मिलनको यो पहिलो अमेरिका भ्रमण हो । गायक बद्री पंगेनी पनि अहिले अष्ट्रेलियामा छन् । तिजको कार्यक्रमका लागि अष्ट्रेलिया पुगेका उनी अझै केही समय उतै व्यस्त रहने छन् ।

गायक तथा सङ्गीतकार बसन्त सापकोटा यतिबेला युरोप टुरमा छन् । कमेडी कलाकारद्वय शिवशंकर रिजाल 'जोगिन्दर' र सुरेन्द्र केसी 'मुलाको साग'सँग 'गाईजात्रा' र तिज कार्यक्रमका लागि युरोप पुगेका उनी अझै थुप्रै कार्यक्रम सकाएर नेपाल फर्किनेछन् ।

**कलाकारका लागि अवसर**

दसैं नेपालीहरुको ठुलो चाड हो । वर्षौंदेखि कामको सिलसिलामा विदेशिएका नेपालीसमेत दसैंमा घर परिवार सम्झिएर फर्किने गर्छन् । तर हिमाल सागर, प्रमोद खरेल लगायतका कलाकार दसैं कार्यक्रमका लागि विदेश उड्ने तयारीमा छन् भने शान्तिश्री परियार, ज्योति मगर, रचना रिमाल लगायत भने कार्यक्रको सिलसिलामा दसैंसम्म विदेशमा रहनेछन् ।

कार्यक्रम नै यस्तो चाडपर्वको अवसर पारेर आयोजना हुने भएकाले गायक-गायिकाले घर परिवार भनेर बस्न नमिल्ने हिमाल सागर बताउँछन् ।

'गायन कलाकारहरू प्राय: दसैं र तिहार आफ्नो परिवारसँग मनाउन पाउँदैनन् । यो कलाकारका लागि दु:खको कुरो हो', हिमाल सागरले भने, 'हामी गायक-गायिकाका लागि यो आम्दानीको सिजन पनि हो । त्यसैले लामो समय बाहिर निस्कनुपर्ने हुन्छ ।'

आफूले धेरै दसैं घरमा मनाउन नपाएको र धेरै तिहार दिदीबहिनीबाट टीका थाप्न नपाएको उनले सुनाए । 'गएको वर्ष पनि म दसैंमा बाहिर थिएँ । यो वर्ष पनि बाहिर हुने भएँ', उनले थपे, 'दसैं कार्यक्रममा लागि बोलाएको ठाउँमा दसैं सकाएर आउँछु भन्नु पनि भएन ।'

लोकगायक बद्री पंगेनी दसैं, तिहारजस्ता चाडपर्वमा विदेशका कार्यक्रममा सहभागी हुन पाउँदा आफूलाई धेरै खुसी लाग्ने बताउँछन् । 'वर्षौंदेखि परिवारबाट टाढा रहेका व्यक्तिहरूलाई कार्यक्रमको माध्यमले खुसी दिन सक्छौं हामी', पंगेनीले भने, 'यसरी उनीहरूलाई नचाउँदा एक किसिमको बेग्लै खुसी मिल्छ ।'

# आमा बन्दै अभिनेत्री नन्दिता केसी

काठमाडौं/अभिनेत्री नन्दिता केसी आमा बन्ने भएकी छन् । उनले शनिबार फेसबुकमा श्रीमान् र आमा-बुबासँगको दुई तस्वीर सेअर गर्दै आफू आमा बन्न लागेको जानकारी गराएकी हुन् । उनले लगाएको टिसर्टमा 'सून टू वी ममी' लेखिएको छ । र, उनलाई श्रीमान् (अरविन्द्र कटवाल)ले निधारमा चुम्बन गरेका छन् । प्रफुलित देखिएकी नन्दिताले प्रश्नवाचक चिह्न लेखिएको एउटा पेपर हातमा लिएकी छन् ।

उनले आमालाई सृष्टिकर्ता भन्दै फेसबुकमा लेखेकी छन्, 'नारीले पाएको मातृत्वको वर दान र पुरुषले पाएको जगत पिताको वरदान । सन्तानलाई गर्भमा हुर्काउँदै गर्दा आफूलाई एकदमै भाग्यमानी महसुस गरिरहेकी छु । भगवानको आशीर्वाद र माता-पिताहरूको साथमा आफन्तजन र शुभचिन्तकको आशीर्वादको पूजा गर्दछौं ।' उनलाई शुभचिन्तकदेखि सेलिब्रेटीहरूले बधाई दिइरहेका छन् ।

नन्दिताले गत वर्षको फागुन १९ गते अरविन्द्रसँग लगनगाँठो कसेकी हुन् । उनीहरू लामो समयदेखि अमेरिका बस्दै आएका छन् । अमेरिका गएपछि अभिनयलाई निरन्तरता दिन नसकेकी नन्दिताले आफ्नो सक्रिय करिअरमा 'इन्द्रेणी', 'हामी तीन भाई', 'भगवान् सबैको', 'सपना', 'माया नगर' लगायत झन्डै तीस बढी फिल्ममा काम गरेकी छन् । कुनै बेला नन्दिताको फिल्ममा राम्रो माग थियो ।

# कृषि बजार भाडामा लिन कोही पनि आएन

झापा/बुद्धशान्ति गाउँपालिका-४ स्थित टिमाइ खोलाको किनारमा रु डेढ करोडभन्दा बढी लगानीमा निर्माण गरिएको कृषि बजार सञ्चालनमा आउन सकेको छैन । संघीय सरकारद्वारा एक करोड ६८ लाख रुपैयाँ तत्कालीन भूटानी शरणार्थी शरणार्थीको शिविर रहेको स्थानमा सो कृषि बजार निर्माण गरिएको थियो ।

कृषि बजारका लागि १२ सटरसहितको कोठा, एउटा मण्डी, घेराबेरा र सार्वजनिक शौचालय निर्माण गरिएको छ । बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईंले कृषि बजार सञ्चालनका लागि पटकपटक सूचना प्रकाशित गर्दा कोही भाडामा लिन नआएपछि समस्या भएको बताए ।

उनले भने, 'राज्यको लगानी खेर गइरहेको छ, यसलाई प्रयोगमा ल्याउन पालिकाले ठेक्का लगाउन धेरैपटक सटरको सस्तो मूल्य राखेर सूचना प्रकाशित गरिसक्यो । भाडामा लिन कोही आउँदैनन् ।' उनले अघिल्लो जनप्रतिनिधिकै कार्यकालमा सो कृषि बजार निर्माण भएको बताए । उनले स्थानीय सैसंस्था, बजार व्यवस्थापन समिति, सहकारीलाई सो स्थान सञ्चालनका लागि सूचनामा प्रकाशित गरेको मूल्यभन्दा २५ प्रतिशत छुटमा दिने पालिकाकाले निर्णय गर्दा सञ्चालन हुन नसकेको बताए ।

भूटानी शरणार्थीलाई संयुक्त राष्ट्रसैले तेस्रो मुलक आप्रवाशनमा लगेपछि खाली रहेको जग्गा मध्ये करिब एक बिघा जमिनमा सब्जीमण्डी सञ्चालनका लागि घेराबारासहितको पक्की संरचना निर्माण गरिएको छ । बुद्धशान्ति गाउँपालिका तरकारी उत्पादनका लागि जिल्लामै अग्रणी मानिन्छ । यहाँ उत्पादित तरकारी मेचीनगर, बिर्तामोड र दमकलगायतका सहरमा बिक्री हुने गरेको छ ।

संघीय सरकारले बजारीकरणका लागि उक्त स्थानमा आर्थिक वर्ष २०७६/७७ देखि कृषि बजार निर्माण अगाडि बढाएको थियो । गाउँपालिका अध्यक्ष प्रसाईंका अनुसार कृषि बजार योजनामा हालसम्म आव २०७६/७७ र २०७७/७८ मा एक करोड २० लाख ३२ हजार रुपैयाँ खर्च भएको र आव २०७८/०७९ मा रु ४७ लाख ७८ हजार रुपैयाँ गरी कूल एक करोड ६८ लाख १० हजार रुपैयाँ खर्च भएको छ । उनले प्रति सटर मासिक रु आठ सय मूल्यमा भाडामा लगाउन पालिका तयार रहेको बताए । उनले सो स्थानमा चिस्यान केन्द्र निर्माणका लागि गत वर्ष बजेट आएको बताए । *(स्रोत: अनलाइनखबर)*

# दशैं नजिकिएपछि बढ्यो मूर्तिकारको व्यस्तता

बाँके/दशैं आउन महिना दिन बाँकी छँदै नेपालगञ्ज उपमहानगरपालिका-८ निवासी मूर्तिकार छोटु केवटलाई दुर्गाभवानीका मूर्ति बनाउन भ्याइनभ्याइ छ । नगर भवन नजिकै अस्थायी टहरा निर्माण गरेर छोटुले मुर्ति बनाउने काम गर्दै आएका छन् । घटस्थापनाको दिनसम्म अर्डर पाएका सबै मुर्ति तयार गरिसक्नुपर्ने भएकाले यतिबेला दिनरात काम भइरहेको उनले बताए । 'चौध-पन्ध्रजति मुर्ति तयारी अवस्थामा छन्, रङ्गरोगन गर्नमात्रै बाँकी छ, अरु त्यत्ति तयारी हुँदैछ, अहिले कामले भ्याइनभ्याइ छ', छोटुले भने, 'आजभोलि मुर्ति किन्न भारत जानु पर्दैन नेपालगञ्जमै ठाउँ-ठाउँमा बन्ने गरेका छन् ।'

उनका अनुसार सामान्य काठ, सुथरी, पराल र माटोको मिश्रणले मूर्ति बनाउने गरिन्छ । मुर्तिको सजावटका सामग्री भने भारतीय बजारबाटै आयात गरिन्छ । दसैंको समयमा केही मूर्ति बनाउन अर्डर आउँछ भने केही आफैं बनाएर बिक्री गर्ने गरिएको छ । दसैंको नवदुर्गामा नेपालगञ्जका टोल-टोलमा स्थापना गरिने दुर्गा भवानीका मुर्ति स्थानीय कालीगढले नेपालगञ्जमै निर्माण गरेर बिक्री वितरण गर्न थालेका छन् । कुनैबेला भारतीय सीमावर्ती क्षेत्रबाट खरिद गरेर ल्याइने मुर्ति अहिले यहींका कालीगढले प्रशस्त बनाउने गरेका छन् । दुर्गाभवानीका आकर्षक मूर्ति नेपालगञ्जमै निर्माण हुन थालेपछि भारतीय सीमावर्ती बजार जानुपर्ने बाध्यता हटेको छोटुले बताए ।

नेपालगञ्जमै तीन चार ठाउँमा व्यावसायिक रुपमा माटोबाट भगवानको मूर्ति बनाएर बिक्री वितरण हुने गरेको छ । यसबाहेक जानकी गाउँपालिकामा पनि मूर्ति बनाउने गरिएको छ । दसैं नजिकिँदै जाँदा मूर्तिकारको दैनिकी व्यस्त भएको छ । अहिले माटोको मूर्ति बनाउन भ्याइनभ्याइ छ । तराईमा दसैको बेला घटस्थापनाका दिनदेखि टोल-टोलमा माटोबाट बनेका भगवानका मूर्तिमा पूजा गर्ने चलन छ ।

बाँकेको जानकी-६ कैरातीपुर निवासी राजकुमार हरिजनको दैनिकी माटोसँगै बित्छ । दिन रात उनी माटोबाट भगवानका विभिन्न आकृति बनाउन व्यस्त छन् । सडकको किनारमा निर्मित अस्थायी टिनको टहराभित्र र बाहिर यतिबेला बन्दै गरेका भगवानको आकृति भरीभराउ छन् । सानै उमेरदेखि मूर्ति बनाउने काम गर्दै आएका राजकुमारको यो पुर्ख्यौली पेसा हो ।

'पहिला घरमा सानो-सानो मूर्ति बनाउथ्यौं पछि ठूलो बनाउन लागे, दुर्गा मातालगायत सबै प्रकारको मूर्ति बनाउने गरेको छु', राजकुमारले भने, 'नवरात्रको बेला 'सिजन' हो, पराल, बाँस, माटो, काठ किल्ला, डोरी लाग्छ, मेहनत धेरै छ ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com



# 'प्रदेशका सबै पालिकालाई बालश्रममुक्त बनाउन हातेमालो गर्छौं'

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामातामाङले प्रदेशका १ सय १९ वटै स्थानीय तहलाई बालश्रममुक्त घोषणा गर्न प्रदेशले हातेमालो गर्ने तयारी गरिरहेको बताएका छन् ।

६० औं राष्ट्रिय बालदिवसको अवसरमा शनिबार काभ्रेको पनौती नगरपालिकामा आयोजित 'पनौती नगरबालश्रममुक्त घोषणा' कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले यो प्रतिबद्धता जनाएका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले बालबालिकाको हकअधिकार र बालअधिकार संरक्षण गर्न बागमती प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।



मुख्यमन्त्री लामासहित बागमती प्रदेशसभा सदस्य कञ्चनचन्द्र वादे, तीर्थ लामा, पनौती नगरप्रमुख रामशरण भण्डारी, उपप्रमुख गीता बन्जारा, नमोबुद्ध नगरपालिका प्रमुख कुनसाङ लामा, पनौती नगरपालिका वडाध्यक्षसहित जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतलगायत सरोकारवाला सबैले त्यसको दिगोपनका लागि प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन् । अन्तर्राष्ट्रिय श्रम संगठन आईएलओका कन्ट्री डाइरेक्टर नुमन ओजकनले विभिन्न संघ-संस्थाको साथ र सहयोगमा नगरपालिकालाई बालश्रममुक्त नगर घोषणा गर्न सम्भव भएको बताए ।

पनौती नगरपालिकाले संघीय सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ अनुसार बालश्रममुक्त नगरपालिका घोषणा कार्यविधि २०८० तयार गरी अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को सहकार्यमा विभिन्न गतिविधि सञ्चालन गरेर नगरपालिकालाई बालश्रममुक्त घोषणा गरेको नगर प्रमुख भण्डारीले बताए । नगरका १ देखि १२ वडा बालश्रममुक्त भएसँगै पूरै नगरपालिकालाई बालश्रममुक्त नगरपालिका घोषणा गरिएको हो ।

यसैगरी, मुख्यमन्त्री लामाले खेलकुद क्षेत्रमा लगानी गर्न आवश्यक रहेको बताए । शनिबार बनेपास्थित काभ्रे बहुमुखी क्याम्पसमा निर्मित स्पोर्ट्स हलको उद्घाटन गर्दै मुख्यमन्त्री लामाले खेलकुदको क्षेत्रमा खासै लगानी नगरिएको र यस क्षेत्रमा लगानी गर्न आवश्यक रहेको बताएका हुन् । उनले खेलले मानिसलाई स्वस्थ्य र अनुशासित बनाउने भएकाले सानै उमेरबाटै खेलकुदका क्रियाकलापमा सहभागी हुन आग्रह गरे ।

# बनस्पतिमा श्रीमद्भागवत सप्ताह सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौंडा उपमहानगरपालिका-१३ बनस्पतिमा श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ सुरु भएको छ । बागमती प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री एकलाल श्रेष्ठले सप्ताहको शुभारम्भ गरेका छन् ।

उनले नेपालको बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक समाजको महत्व र यसको समग्र विकासको आवश्यकतामाथि जोड दिए । 'हाम्रो समाज इन्द्रेणी जस्तै विविध रंगले भरिएको छ । यहाँ विभिन्न जाति, धर्म र आस्था भएका मानिसहरु छन् । हामीले सबै धर्मको विचारलाई समान रुपमा सम्मान गर्नुपर्छ ।,' श्रेष्ठले सनातन धर्मको विकासलाई उदाहरणको रुपमा प्रस्तुत गर्दै भने, 'सनातन धर्मलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रमा विकास गर्न सकिन्छ । यसबाट आर्थिक उपार्जन र पर्यटन प्रवर्द्धन गर्न सकिन्छ ।'

श्रेष्ठले यस क्षेत्रको विकासलाई नवीन दृष्टिकोणबाट हेर्नुपर्ने आवश्यकता औंल्याउँदै धार्मिक क्षेत्रको विकासलाई फरक ढंगले अगाडि बढाउनुपर्ने बताए । यस्ता कार्यक्रमले विविधतालाई सम्मान गर्दै, सबै समुदायको सहभागितामा आधारित समावेशी विकासको आवश्यकतालाई रेखाकिंत गरेको उनको भनाई छ । धार्मिक सहिष्णुता, सांस्कृतिक संरक्षण र आर्थिक विकासबीच सन्तुलन कायम गर्ने कार्यमा हामी सबैले प्रयास गरी रहनुपर्ने श्रेष्ठले बताए ।

५ असोजसम्म हुने महायज्ञमा हेटौंडा उपमहानगर पालिका-१३ स्थित श्रीकालेश्वर महादेव मन्दिरको पूर्ण संरचना र अक्षयकोष स्थापनाका एवम् बुद्ध मूर्ति निर्माणका लागि कथावाचक पण्डित कपिलदेव भट्ट तथा उप-वाचक पण्डित डेगनाथ ढकालले कथावाचन गर्नेछन् । कार्यक्रमा दिवंगत आत्माको पितृउद्धार गर्ने उद्देश्यले कथावाचन, पाठपरायण तथा राष्ट्रिय स्तरका कलाकारबाट भजनकीर्तन, संगीतमय देवलिला झाँकी नाटकसहितको कार्यक्रम रहेको मुल आयोजक समारोह संयोजक सन्तबहादुर तितुङले जानकारी दिए ।

सप्ताह समुद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, वडा समन्वय समितिका संयोजक बालकुमार श्रेष्ठ, समितिका कोषाध्यक्ष कृष्णप्रसाद दाहाल, बसन्त लामा, बिन्दबासिनी टोलविकास संस्थाका अध्यक्ष रत्नबहादुर केसी, सहारा टोलविकास संस्थाका अध्यक्ष अशोककुमार डिम्डुङ, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष शेरबहादुर भ्लोनलगायत सहभागी थिए ।

# हातेमालो सहकारीको कूल पुँजी साढे ६८ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौंडा उपमहानगरपालिका-२, संगमचोकस्थित हातेमालो बचत तथा ऋण सहकारी संस्थाको शनिबार १८ औं वार्षिक साधारणसभा भएको छ ।

सहकारीका अध्यक्ष हरि प्रसाद पौडेलको सभाध्यक्षता तथा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायण प्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । साधारण सभामा प्रस्तुत आर्थिक प्रतिवेदनअनुसार सहकारीको आव २०८०/८१ सम्मको कूल पुँजी ६८ करोड ५५ लाख ९४ हजार ७६४ रुपैयाँ रहेको छ । ६ करोड ४२ लाख ९ हजार ८ सय शेयरपुजीं रहेको सहकारीले उल्लेख गरेको छ ।



आफ्ना सदस्यलाई ५२ करोड ८८ लाख ४१ हजार २६ रुपैयाँ कर्जा लगानी गरेको संस्थाका व्यवस्थापक रमलाकुमारी सापकोटाले जानकारी दिएकी छन् । उनका अनुसार सहकारीमा ५३ करोड २५ लाख १४ हजार ८४५ बचत निक्षेप, चार करोड ५ लाख ७६ हजार ९ रुपैयाँ जगेडा कोष रहेको छ । सहकारीले चालू आव २०८१/८२ का लागि ७५ करोड ६० लाख बराबरको कारोबार गर्ने लक्ष्य राखेको छ ।

साधारणसभालाई सम्बोधन गर्दै बोर्डका कार्यकारी उपाध्यक्ष देवकोटाले सहकारी क्षेत्रको पछिल्लो राष्ट्रिय घटनाले सबैक्षेत्रका सहकारीका सदस्यहरु त्रसित हुनुपर्ने अवस्था सिर्जना भएको बताए । उनले हाम्रोतिर भने भाखा नाघेको ऋणले गर्दा प्राय: सहकारीमा समस्या भइरहेको बताए । बचतसँगै ऋणको कारोबार गर्ने सहकारीले भाखा नाघेको अवस्थामा सहकारीलाई कारोबार गर्न असहज परिस्थिति सिर्जना भएको उनको भनाई छ ।

उत्पादनसँग जोडिएर कर्जा लगानी गर्न आग्रह गर्दै सदस्यलाई व्यवसायिक बनाउन सीपमूलक तालिम दिनुपर्ने बताए । साधारणसभाकै अवसर पारेर विभिन्न विधामा सदस्यहरुलाई सम्मान तथा पुरस्कृत समेत गरिएको थियो । सहकारीले पूर्वसमितितर्फ निवर्तमान उपाध्यक्ष राजु ढकाल र सदस्य अर्जुनप्रसाद विडारीलाई सम्मान गरेको थियो । यसैगरी संस्थाको कार्यसम्पादनका उत्कृष्ट भई संस्थाका व्यवस्थापक र मलाकुमारी सापकोटा र कार्यालय सहायक पुष्पराज दाहाललाई नगद सहित वर्ष उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरिएको थियो ।

त्यस्तै, जेष्ठ सदस्यतर्फ जीवनाथ सुवेदी र यशोदादेवी चौरेल, उत्कृष्ट बचतकर्तातर्फ जर्नादनप्रसाद अधिकारी र सुष्मा कुईंकेल लामिछाने, असल ऋणीतर्फ ध्रुवप्रसाद देवकोटा र गुराँस माभीलाई पुरस्कृत गरिएको थियो । सहकारीले बालबोध माविकी छात्रा कृतिका घिमिरेलाई आठ हजार रुपैयाँ हातेमालो छात्रवृत्ति प्रदान गरेको छ । एस्ईइमा उत्कृष्ट हुने सामुदायिकतर्फका प्रकृति दाहाल, प्रशन्न चौलागाई र भवानी भट्ट, संस्थागततर्फ सुमिन मानन्धर र र स्मिता सुवेदीलाई र प्लस टुतर्फ कृशल राई र कृति सापकोटालाई पुरस्कृत गरिएको सहकारीले जनाएको छ ।

साधारणसभा कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उद्योग, पर्यटन तथा सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, दिव्यतारा बहुउद्देश्यीय सहकारीका अध्यक्ष डा. गणेश लामा, जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष मीनाकुमारी चौरेल, प्रगति नमुना साकोसका अध्यक्ष मीठाराम दाहाल, साइराम साकोसका अध्यक्ष राजेन्द्रप्रसाद पौडेल, युवा साकोसका अध्यक्ष राजु गौतम, हातेमालो सहकारीका सल्लाहकारहरु नुरप्रसाद गौतम, राजु ढकाल, अरुणकुमार नेपाल, संस्थाका लेखासमिति संयोजक नारायणप्रसाद रेग्मी, उपाध्यक्ष केशवप्रसाद धितालगायतको आतिथ्यता थियो ।

# रक्षादेवी टोल विकासको अध्यक्षमा कोईराला

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौंडा उपमहानगरपालिका-६ मा रहेको रक्षादेवी टोल विकास संस्थाको पाँचौं वार्षिक साधारणसभा शनिवार भएको छ ।

हेटौंडा उपमहानगर पालिका-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् संस्थाका अध्यक्ष रमेशकुमार बानियाँको सभाध्यक्षतामा साधारण सभा भएको हो । साधारण सभामा संस्थाका अध्यक्ष बानियाँले संस्थागत प्रतिवेदन, सचिव राजकुमार फुयाँलले प्रगति प्रतिवेदन र कोषाध्यक्ष विजय कुमार हुमागाईले आर्थिक प्रतिवेदन पेश गरेका थिए । साधारण सभाको बन्दसत्रले केशवप्रसाद कोईरालाको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

संस्थाको उपाध्यक्षमा रक्षा थापा, सचिवमा शम्भुबहादुर रिमाल, सहसचिवमा सविना गुरुङ र कोषाध्यक्षमा विजयकुमार हुमागाई चयन भएका छन् । सदस्यहरुमा राजेश पौडेल, गोमा खड्का, पवित्रा रुम्वा, सन्जीव अधिकारी, तिलकमाया रुम्वा र देवकुमारी डंगोल रहेका छन् । नयाँ कार्यसमिति चयन गर्नका लागि हेटौंडा उपमहानगरपालिका सामाजिक विकास महाशाखाकी वरिष्ठ सहायक गोमा सिग्देलको संयोजकत्वमा टोल विकास संस्था नगर समन्वय समितिका उपाध्यक्ष विष्णुप्रसाद ढुङगाना र सञ्चारकर्मी भीमसेन पौडेल सदस्य रहेको ३ सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो ।

साधारणसभामा संस्थालाई विभिन्न क्षेत्रमा सहयोग गर्ने संस्था तथा ब्यक्तिलाई सम्मानित गरेको छ । संस्थाले नमूना टोल बनाउन सहयोग गर्ने हेटौडा उपमहानगपालिका-६ वडा कार्यालय, चौघडा सहकारी, नवजीवनज्योति क्लव र क्लवका पूर्वअध्यक्ष श्यामप्रसाद श्रेष्ठलाई सम्मान गरेको छ । यसैगरी टोलभित्र रहेका एकल महिलालाई नगद सहित सम्मान गरेको छ । संस्थाले अर्णकुमारी दाहाल, लक्ष्मी दुलाल, रुद्रकुमारी सापकोटा, सुनिता सापकोटा र दिलकुमारी पराजुली र उत्कृष्ट सरसफाईमा नारायणप्रसाद देवकोटालाई सम्मान गरिएको थियो ।

साधारणसभामा मकवानपुरगढी-४ का वडाअध्यक्ष सूर्यबहादुर रुम्वा, हेटौडा-६ का वडासदस्य लेखराज ढकाल, हेटौडा उपमहानगरपालिका सामाजिक विकास महाशाखाका वरिष्ठ सहायक गोमा सिग्देल, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, टोल विकास संस्था नगरसमन्वय समितिका उपाध्यक्ष विष्णुप्रसाद ढुङ्गाना, भूगोल सदस्य गोमा लामिछाने, गुप्तेश्वरी टोल विकास संस्था अध्यक्ष नानीमाया रुम्बा, शान्तिटोल विकास संस्थाका सचिव प्रदीप ढुङ्गानालगायतको आतिथ्यता रहेको थियो ।

# स्वयम्सेवी रक्तदाता समाजको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/नेपाल स्वयम्सेवी रक्तदाता समाज हेटौंडा नगरसमितिको प्रथम साधारणसभा सम्पन्न भएको छ । नेपाल स्वयम्सेवी रक्तदाता समाज नगर अध्यक्ष पूर्णप्रसाद अर्यालको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुखअतिथि सिग्देलले परिवार भन्दा माथि उठेर संसारको लागि गरिने सेवाको काममा लागेको प्रति समितिलाई धन्यवाद दिँदै जनप्रतिनिधिको पनि यसमा भूमिका रहनुपर्ने बताए । स्थानीय सरकारले स्वास्थ्यको क्षेत्रमा लगानी नगरेको भन्दै मानवजीवन लक्षित कार्यक्रमहरु गर्नुपर्नेमा उनले जोड दिए । अठार वर्ष पूराभई ६० वर्षसम्मका स्वस्थ्य नागरिकबाट स्वस्फुर्तले निशु:ल्क दान गरेको र गत विरामी लाभग्राहीसम्म सहज तवरले उपलब्ध होस् भन्ने हेतुले हेटौंडामा यस संस्था खोलिएको अध्यक्ष अर्यालले बताए ।

यस संस्थाले रक्तदाता र नेपाल रेडक्रस सोसाइटी ब्लड बैंकसँग समन्वय गरी सकेसम्म रगत अभाव भएको बिरामीलाई नि:शुल्क रगत उपलब्ध गराउने प्रयास गरिरहेको र सामाजिक क्षेत्रमा हालसम्म विभिन्न काम गरिसकेको उनले बताए ।

कार्यक्रममा हेटौंडा अस्पतालमा कार्यरत डाक्टर प्रेरणा बर्तौलालाई सामाजिक क्षेत्रमा अगाडि बढ्न प्रेरणा स्वरुप सम्मान समेत गरिएको थियो । नेपाल स्वयम्सेवी रक्तदाता समाजका नगरकोषाध्यक्ष सानोकाजी बस्ताकोटी र सचिव राजेश वाग्लेले प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# श्रीनिवास टोल विकास संस्थाको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौंडा उपमहानगरपालिका-७न्यूरेनीमा रहेको श्रीनिवास टोल विकास संस्थाको सातौं वार्षिक साधारणसभा शनिवार भएको छ ।

हेटौंडा उपमहानगर पालिका-७ का वडाअध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यता एवम् संस्थाका अध्यक्ष जनार्दन पौडेलको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारण सभामा संस्थाका अध्यक्ष पौडेलले संस्थागत प्रतिवेदन, सचिव मीना अधिकारीले प्रगति प्रतिवेदन र कोषाध्यक्ष सीताराम न्यौपानेले आर्थिक प्रतिवेदन पेश गरेका थिए । साधारण सभामा २०८० सालको एसइइ परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने दुईजनालाई नगद सहित पुरस्कृत गरिएको थियो ।

संस्थाले सुसान्त तिवारी र प्रमिस थापालाई नगद सहित सम्मान गरेको हो । साधारणसभामा हेटौंडा-७ का वडासचिव भैरब कुमाल, न्यूरेनी चिसापानी सामुदायिक वनका अध्यक्ष प्रकाश कार्की, समूहका पूर्वअध्यक्ष रघुप्रसाद आचार्य, प्रल्हाद शर्मा आचार्य, सृजना टोल विकास संस्थाका पवित्रा आचार्य, सञ्चारकर्मी भीमसेन पौडेलगायतको आतिथ्यता रहेको थियो ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८१ साल भदौ २७ गते हेटौंडा-१ हेटौंडा हस्पिटलको पार्किङ्ग स्थलमा पाकिङ्ग गरिराखेको अवस्थाबाट अन्दाजी राती १०:०० बजे मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प १९२
**मोटरसाइकल धनीको नाम:** एसियन पेन्ट्स नेपाल प्रा.लि.
**ऋणी :** नरेन्द्र बहादुर थापा, हेटौंडा-४, सितलमहलचोक
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालोमा रातो स्टिकर
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२१
**चेचिस नम्बर:** MD2A13EXMCB85139
**इन्जिन नम्बर:** DKXCMB79562
**सम्पर्क फोन नम्बर:** ९८५५०३०३५५

## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुपमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhababini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना